# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. २०७५/७६
च.नं. १३५९

मिति : २०७५-१२-२४

**बिषय : राय प्रतिक्रिया एवं सूचना टाँस सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु ।
श्री जिल्ला वन कार्यालय, सोलुखुम्बु ।
श्री जिल्ला भू-संरक्षण कार्यालय, सोलुखुम्बु ।
श्री सोलुदुधकुण्ड नगरपालिका, सबै वडा कार्यालयहरु ।

प्रस्तुत विषयमा, सोलुदुधकुण्ड नगरपालिकाको यसै पत्रसाथ संलग्न सूचनामा उल्लेखित नदीहरुबाट ढुङ्गा, गिट्टी, वालुवा तथा ग्रावेल संकलन कार्यलाइ व्यवस्थित गर्न वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ (पछिल्लो संशोधन सहित) को नियम ३ र सोही नियमावलीको अनुसूचि १ को प्रयोजनको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नुपर्ने भएकोले उक्त प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा प्रस्तावित कार्यबाट वातावरणका विभिन्न पक्षहरु भौतिक, जैविक, सामाजिक - आर्थिक, सांस्कृतिक, पर्यावरण र यिनका अवयवहरु एवं अन्तरसम्वन्धमा पर्नसक्ने प्रभावहरूको सन्दर्भमा कुनै राय / सुझाव वा प्रतिकृया भए उपलब्ध गराई दिनुहुन निर्देशानुसार अनुरोध गरिन्छ । साथै सो सम्बन्धमा मिति २०७५।१२।२१ गतेको हिमालयन टायम्स राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको संलग्न सार्वजनिक सूचनाको प्रतिलिपि ताहाँ कार्यालयहरुको सूचना पाटीमा टाँस गरि सरोकारवालाहरु तथा आम नागरिक समक्ष सम्प्रेषण / जानकारी पठाइ सहयोग गरिदिनहुन समेत अनुरोध छ ।

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकिय अधिकृत**

गिएको छ । उसको ३० खेलमा क भएको छ ।

गुहेश्वरी आवासीय माध्यमिक विद्यालयद्वारा आयोजित प्रतियोगितामा ... तेस्रो भयो ।


## सोलुदुधकुण्ड नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं १, नेपाल


## प्रारम्भिक वातावरणिय परिक्षण (IEE) सम्बन्धी प्रकाशित सार्वजनिक सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०७५।१२।२१ गते)*

यस सोलु दुधकुण्ड नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने सोलु तथा बेनी नदिबाट ढुंगा, गिट्टी, बालुवा एवं ग्रावेल संकलन/उत्खनन् कार्यलाइ व्यवस्थीत गर्न वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावाली, २०५४ (पछिल्लो संशोधन सहित) को नियम ३ र सोही नियमावलीको अनुसुची १ को प्रयोजनका लागि प्रारम्भिक वातावरणिय परिक्षण गर्नुपर्ने भएकोले उक्त प्रस्ताव कार्यान्वयन हुने देहाएका क्षेत्रहरुमा प्रस्तावित कार्यबाट पर्नसक्ने भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण र यिनका अवयवहरु तथा अन्तरसम्बन्धमा पर्ने प्रभावहरूको सन्दर्भमा त्यस क्षेत्रका सम्बन्धित कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्य चौकि तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाले सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सूझाव एवं प्रतिक्रिया पठाइ सहयोग गरीदिनहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| नदी | प्रभावित क्षेत्र |
|---|---|
| सोलु तथा बेनी नदि | सोलु दुधकुण्ड नगरपालिका अर्न्तगतका सोलु तथा बेनी नदी किनारा नजिकका वार्डहरु/बस्तीहरु |

**राय सुझाव तथा प्रतिकीया पठाउन सकिने ठेगाना :**


सोलु दुधकुण्ड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

प्रदेश नं १, सल्लेरि ५, सोलुखुम्बु

सम्पर्क नं : ९७७-०३८-५२०२४८

इमेल : solududhkundamun@gmail.com, info@solududhkundamun.gov.np